**विषय सुचि** **पेज नं.**


१. प्रस्तावनाः- .......... 2
२. संक्षिप्त नाम र प्रारम्भः- .......... 2
३. परिभाषाः- .......... 2
४. सदस्यताका किसिम :- .......... 2
५. सदस्यताको लागि योग्यता :- .......... 3
६. नियमित सदस्यताको लागि दरखास्त .......... 3
७. संरक्षित सदस्यताको लागि दरखास्त .......... 3
८. सदस्यताको लागि आवश्यक कागजातहरु .......... 3
९. सदस्यहरुको दर्ता किताव र प्रतिवेदन .......... 3
१०. प्रवेश शुल्क .......... 4
११. सदस्यता परिचय पत्र लिनुपर्ने .......... 4
१२. सदस्यको काम, कर्तव्य र अधिकार .......... 4
१३. सदस्यताबाट निष्काशित .......... 4
१४. सदस्यताबाट राजीनामा .......... 4
१५. सदस्यताको अन्त्य .......... 5

# चेतना सामाजिक उद्यमी सहकारी संस्था ली
## शारदा न. पा. ३ खलंगा, सल्यान

## सदस्यता नीति - २०७४

१. **प्रस्तावना:-** कार्यक्षेत्रभित्र स्थायी बसोबास गर्ने सबै वर्गका व्यक्तिहरुलाई समेटी बचत तथा ऋणको सेवा पुऱ्याउनु यो नीतिको उदेश्य रहेको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भ:-** यो नीतिको नाम सदस्यता नीति-२०७४ रहनेछ । सञ्चालक समितिले शिफारीस गरी संस्थाको छैठौ साधारण सभाले अनुमोदन गरेपछी यस ऋण नितिको शिर पुछारमा सम्पुर्ण सञ्चालक समिती पदधिकारीहरुले दस्तखत गरेको मितिदेखि लागु हुनेछ ।

३. **परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सदस्यता नीति-२०७४ मा :
क) 'संस्था' भन्नाले चेतना सामाजिक उद्यमी सहकारी संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।
ख) 'समूह' भन्नाले संस्थामा आवद्ध बचत समूहहरुलाई सम्झनुपर्दछ ।
ग) 'सदस्यता नीति' भन्नाले संस्थाको "सदस्यता नीति - २०७४" लाई जनाउने छ ।
घ) 'सदस्य' भन्नाले संस्थाका बचतकर्ता शेयर सदस्यहरुलाई जनाउने छ ।
ङ) 'संस्थापक सदस्य' भन्नाले संस्था स्थापना हुँदा सदस्य भएका र संस्थाको प्रथम साधारण सभा हुँदाका बखत सदस्य भई सकेका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।
च) 'संरक्षित सदस्य' भन्नाले नियमित सदस्यको संरक्षकत्वमा रही संस्थामा बचत कारोबार गर्ने जिवन भविश्य तथा बाल बचतकर्ताहरुलाई जनाउने छ ।

४. **सदस्यताका किसिम :-**

**क) नियमित सदस्य :-**
(१) संस्थाको नियामानुसार शेयर पूँजी लिएको एवं आफुले पुरा गर्नु पर्ने न्यूनतम अन्य नियम पुरा गरेको व्यक्ति ।
(२) संस्थाको वार्षिक साधारण सभाको निर्णय प्रकृयामा सहभागी हुने अधिकार पाएको व्यक्ति ।
(३) संस्थाको संचालक समिति तथा उपसमितिमा निर्वाचित हुने वा निर्वाचनमा मत दिने अधिकार पाएको व्यक्ति ।
(४) संस्थामा वचत गर्ने तथा ऋण प्राप्त गर्ने सुविधा प्राप्त गरेको व्यक्ति ।

**ख) संरक्षित सदस्य (जिवन भविश्य र बाल बचतकर्ता) :-**
(१) सदस्य हुन आवश्यक पर्ने न्यूनतम १६ वर्ष उमेर नपुगेका बालबालिकाहरु ।
(२) संस्थाको निर्णय प्रकृयामा भाग लिने अधिकार नभएको ।
(३) संस्थाको संचालक समितिमा र उप समितिमा निर्वाचित हुने र निर्वाचनमा मत दिने अधिकार नभएको व्यक्ति ।
(४) ऋण लिने सुविधा प्राप्त नगरेको ।
(५) बचत गर्ने अधिकार भएको ।
(६) संस्थामा नियमित सदस्य भएका व्यक्तिको संरक्षणमा खाता रहेको ।

## ५. सदस्यताको लागि योग्यता :-

क) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

ख) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्नुका साथै सेवा तथा सुविधा उपयोग गर्ने र संस्थालाई सेवा सुविधा प्रदान गर्ने व्यक्ति हुनुपर्दछ ।

ग) संस्थाको विनियम तथा नीतिनियम पालना गर्न मञ्जुर गर्ने व्यक्ति हुनुपर्नेछ ।

घ) नेपालको प्रचलित ऐनकानुनले अयोग्य नठहरिएको व्यक्ति हुनुपर्नेछ ।

ङ) संस्थाले तोकेको न्यूनतम शेयर खरिद गरेको हुनुपर्नेछ ।

च) संरक्षित सदस्यको हकमा नियमित सदस्य संरक्षक रहने गरी निजको एकाघर परिवारको बालबालिकालाई मात्र संरक्षित सदस्यता प्रदान गरिनेछ ।

## ६. नियमित सदस्यताको लागि दरखास्त :-

नियमित सदस्य बन्न चाहने व्यक्तिले सदस्यताको लागि संस्थाले तयार गरेको अनुसूची - १ बमोजिमको सदस्यता दरखास्त फाराम भरी तोकिएका आवश्यक कागजात संलग्न गरी कार्यालयमा पेश गर्नुपर्ने छ । त्यस्तो दरखास्त उपर ब्यवस्थापकले प्रकरण ५ बमोजिमको सदस्यताको लागि योग्यता पुगेको छ वा छैन हेरी सदस्यता दिने नदिने निर्णय गर्नु पर्नेछ र सङ्खास्पद सदस्यता को लागी संचालक समितिको वैठकमा पेस गरी स्विकृत तथा अनुमोदन गराउनुपर्नेछ ।

## ७. संरक्षित सदस्यताको लागि दरखास्त :-

संरक्षित सदस्य बन्न चाहने बालबालिका वा निजको संरक्षकले संरक्षित सदस्यताको लागि संस्थाले तयार गरेको अनुसूची - २ बमोजिमको दरखास्त फाराम भरी उमेर खुल्ने प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो ५ प्रति सहित कार्यालयमा पेश गर्नुपर्ने छ । त्यस्तो दरखास्त उपर सदस्यता सेवा केन्द्र प्रमुखले आवश्यक छानविन पूरा गरी सदस्यता प्रदान गर्न सक्नेछ ।

## ८. सदस्यताको लागि आवश्यक कागजातहरु :-

सदस्यता आवेदन फारामका साथमा देहायमा उल्लेख गरिएका कागजातहरु समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी - १ प्रति/उमेर खुल्ने प्रमाणपत्रको प्रतिलिपी -१

ख) पासपोर्ट साईजको फोटो - ५ प्रति

ग) हकवालाको पासपोर्ट साईजको फोटो - १ प्रति

घ) सदस्य भएको तिन महिना भित्र संस्थाले प्रदान गर्ने सहकारी शिक्षा तालिम दिने ।

## ९. सदस्यहरुको दर्ता किताव र प्रतिवेदन :-

क) सदस्यता को निवेदन स्वीकृत भए पछि नयां सदस्यको नाम सदस्यता दर्ता कितावमा दर्ता गरिनेछ ।

ख) ब्यवस्थापकले नियमित संचालक समितिको वैठकमा पेश गर्न एउटा लिखित प्रतिवेदन तयार गरी नयाँ सदस्यता दर्ता भएको बारे निम्न व्यहोरा पेश गर्नुपर्नेछ :

(१) प्रतिवेदन अवधीभरमा स्विकृत भै थपिएका सदस्य संख्या र छोडेका सदस्य संख्या ।

(२) नाम ठेगाना सदस्यता नम्बर र लिएको शेयर रकम ।

(३) हरेक सदस्यलाई दिइएको सदस्यता नम्बर ।

(४) सदस्य हुनेको नाम, ठेगाना, त्यागेका व्यक्तिहरुको खाता नम्बर र मिति ।

**१०.प्रवेश शुल्क :-**

संस्थामा सदस्यताको लागि देहाय बमोजिमको रकम प्रवेश शुल्क (पछि फिर्ता नहुने) बापत बुझाउनु पर्नेछ :

| | | |
|---|---|---|
| क) सहकारी कार्यक्रम तर्फ सदस्यताको लागि | - | रु. २५५।- |
| ख) सहकारी कार्यक्रम तर्फ दैनिकी सदस्यताको लागि | - | रु. १००।- |
| ग) लघुवित्त कार्यक्रम तर्फ सदस्यताको लागि | - | रु. २०।- |

**११. सदस्यता परिचय पत्र लिनुपर्ने :-**

१. सहकारी कार्यकम तर्फ पासवुक शुल्क रु. ०/-, पुन दोश्रो पटक लिनु परेमा रु ५०/-

२. लघु वित्त कार्यकम तर्फ पासवुक शुल्क रु ४०/-, पुन दोश्रो पटक लिनु परेमा रु ५०/-

३. दैनिक रु १।- (बार्षिक रु. ३६५।-) भुक्तानि गरेका सदस्यहरुको हकमा सदस्यता स्वास्थ्य सुरक्षा राहात कोषको नयाँ कार्डका लागि रु. ५०।- तिरी संस्थाबाट सदस्यता परिचय पत्र लिनुपर्नेछ र हराएमा पुन रु ५० तिरी अर्को नयाँ कार्ड लिन सकिनेछ ।

४. ५० वर्ष उमेर पुगेका सदस्य र अपागंता भएका सदस्यहरुको स्वास्थ्य परिक्षण कार्डका लागि रु १३५ रुपैया वार्षिक रुपमा तिरेमा स्वास्थ्य परीक्षण कोषको नयाँ कार्डका लागि रु. ५०।- तिरी संस्थाबाट सदस्यता परिचय पत्र लिनुपर्नेछ र हराएमा पुन रु ५० तिरी अर्को नयाँ कार्ड लिन सकिनेछ ।

**१२. सदस्यको काम, कर्तव्य र अधिकार :-**

क) साधारण सभामा भाग लिने ,

ख) जतिसुकै शेयर खरिद गरेता पनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकारको प्रयोग गर्न पाउने ,

ग) साधारण सभा वा समितिबाट निर्वाचित वा मनोनित भई संस्थाको प्रबन्धकीय कार्य तथा समिति तथा उपसमितिको कार्यमा भाग लिने ,

घ) संस्थामा नियमित बचत गर्ने तथा सो मा ब्याज प्राप्त गर्ने ,

ङ) संस्थाको ऋण नीतिमा तोकिए बमोजिमको ऋण प्राप्त गर्ने र सोको साँवा तथा ब्याज सम्झौता अनुसार संस्थामा भुक्तानी गर्दै जाने ।

च) संस्थाबाट प्रदान गरिने अन्य वित्तिय तथा गैर वित्तिय सेवाहरु प्राप्त गर्ने ।

छ) सदस्यहरु एवं संस्थाको हित र विकास कार्यमा सहभागी हुने ।

**१३. सदस्यताबाट निष्काशित :-**

देहायको अवस्थामा संचालक समितिले निर्णय गरी सदस्यताबाट निष्काशन गर्न सक्नेछ :

क) ६ महिना भन्दा वढी समय देखि निस्क्रिय रही नियमित बचत नगरेमा ।

ख) संस्थाको प्रगतिमा हानी हुने प्रतिष्ठामा आँच आउने कुनै किसिमको कार्य गरेमा वा रकम हिनामिना गरेमा ।

ग) संस्थाको सिद्धान्त वा नीतिनियमको पालना नगरेमा ।

घ) संस्थाबाट लिएको ऋण धितो लिलामबिक्रि गरी असुल गरीएमा ।

**१४. सदस्यताबाट राजीनामा :-**

सदस्यले संस्थाको सदस्यताबाट राजीनामा दिन सक्नेछ । निजको राजीनामा संचालक समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा त्यस्तो व्यक्तिलाई निजको राजीनामा स्वीकृत भएको मितिले एक वर्षपछि मात्र पुनः रित्तपूर्वक संस्थामा निवेदन दिएमा सदस्यता प्रदान गर्न सकिनेछ ।

**१५. सदस्यताको अन्त्य:-**

देहायको अवस्थामा कुनै पनि व्यक्तिको संस्थाको सदस्यता कायम रहने छैन:

क) मृत्यु भएमा,

ख) कानूनी रुपमा पागल वा असन्तुलित मस्तिष्क भएको भनी प्रमाणित भएमा,

ग) फौजदारी अभियोगमा कानूनद्वारा सजाय पाएमा,

घ) सदस्यले आफ्नो पदबाट संचालक समिति समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा,

ङ) सदस्यले आफ्नो सदस्यता कुनै अर्को व्यक्तिको नाममा हस्तान्तरण गर्न दिएको लिखित निवेदन संचालक समितिबाट स्वीकृत भएमा,

च) सदस्य संस्था टाट पल्टेमा वा विघटन वा खारेजी भएमा,

छ) सदस्यताबाट निष्काशित भएमा ।

# समाप्त